नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६८

राजविराज दैनिक

वर्ष ३६ अंक ९३ २०८३ साल कात्तिक २२ गते आइतबार (8 Nov 2026 Sunday) मूल्य रु. ५/-

बाल अधिकारको संरक्षण

बचावटको अधिकार :
पोषिलो खाना र स्वास्थ्योपचार पाउनु ।
विकासको अधिकार :
शिक्षा, खेलकुद र मनोरञ्जनको अवसर ।
संरक्षणको अधिकार :
हिंसा, दुर्व्यवहार र शोषणबाट सुरक्षा ।
सहभागिताको अधिकार :
आफ्नो हितका निर्णयमा बोल्न पाउनु ।

Log in : *rajbirajdainik.com.np*

यस अंक भित्र : २ पृष्ठमा : जलवायु न्याय हाम्रो अधिकार हो,.. ३ पृष्ठमा : हात्तीदह सिमसार: पर्यापर्यटनको.. ३ पृष्ठमा : युद्ध सुरु हुँदाको भन्दा.

सप्तरीका ५२ जना वेपत्ता व्यक्तिहरुको विवरण माथिल्लो निकायमा पठाइयो

दैनिक समाचारदाता
राजविराज, २१ कात्तिक ।

भोटेकोशी नदीमा आएको बाढीमा बेपत्ता भएका सप्तरीका व्यक्तिहरुको विवरण माथिल्लो निकायमा पठाइएको छ ।

जिल्ला विपद् व्यवस्थापन समितिको शुक्रबार बसेको बैठकले भोटेकोशी बाढीमा बेपत्ता रहेका ५२ जनाको नाम माथिल्लो निकायमा पठाउने निर्णय गरेको हो ।

गत १० भदौमा रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछि जिल्लास्थित पालिकाहरुबाट प्राप्त बेपत्ता व्यक्तिको आधिकारिक विवरणको सन्दर्भमा प्राप्त प्रमाण तथा कागजातका आधारमा बेपत्ता व्यक्तिहरुको विवरण यकीन गरिएको विपद् व्यवस्थापन समितिका संयोजक समेत रहेका प्रमुख जिल्ला अधिकारी श्यामकृष्ण थापाले जानकारी दिए ।

उनका अनुसार सप्तरीका ५२ जना बेपत्ता भएका व्यक्तिको नाम राष्ट्रिय विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरण तथा मधेश प्रदेश गृह सञ्चार तथा कानुन मन्त्रालयमा पठाइएको छ ।

भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकीन गर्ने प्रकृया, २०८३ र नेपाल रापत्रमा प्रकाशित विपद् सम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको अध्यादेश बमोजिम जिल्लास्थित सम्पूर्ण नगरपालिका/गाउँपालिकालाई तोकिएको प्रकृया पूरा गरी बेपत्ता व्यक्तिको विवरण यकीन गरिएको थापाले बताए ।

सबैभन्दा बढी शम्भुनाथ नगरपालिकाका ९ जना बेपत्ता भएका छन् । यो नगरपालिकाबाट सुरेन्द्रदेव चौधरी, दिपेन्द्र चौधरी, हृदयनारायण चौधरी, रमेश कुमार चौधरी, त्रिभुवन मण्डल, प्रेम सागर चौधरी, पिताम्बर प्रसाद दास, ओमप्रकाश चौधरी र साजन चौधरी बेपत्ता भएका छन् ।

यस्तै, खडक नगरपालिकाबाट सुरज मण्डल, राज पासवान, हेमनारायण साह, शिबु कुमार पासवान, अनिल कुमार चौधरी, गीता कुमारी राम, सन्तोष चौधरी र प्रवेश कुमार चौधरी बेपत्ता छन् ।

सुरुङा नगरपालिकाबाट सरोज चौधरी, गीता कुमारी दास तथा दिवान्स कुमार राम, राजविराज नगरपालिकाबाट रामलखन राम, रामदेव रिखियासन, बिन्दा मुसहर र शश्चिर सदा, तिलाठी कोइलाडी गाउँपालिकाबाट अभिषेक सिंह, दिलिप कुमार मण्डल, मनिष कुमार मण्डल, राजमणी साह हलुवाई बेपता भएका छन् ।

अग्निसाइर कृष्णसवरन गाउँपालिकाबाट अनिल कुमार विश्वकर्मा र ललित कुमार चौधरी, बिष्णुपुर गाउँपालिकाबाट इन्जिनियर अजय कुमार यादव र ओमनारायण यादव, महादेवा गाउँपालिकाबाट सन्तोष कुमार यादव, इन्द्रनारायण इसर र देबकुमार इसर, राजगढ गाउँपालिकाबाट राजीबकुमार सिंह र विजय कुमार यादव, तिरहुत गाउँपालिकाबाट अशोक यादव र भीमनारायण यादव भोटेकोशी बाढीमा बेपत्ता भएका छन् ।

त्यस्तै, डाक्नेश्वरी नगरपालिकाका नितिश कुमार पासवान, अकलेश कुमार पासवान र अभिनाश कुमार पण्डित, कञ्चनरुप नगरपालिकाबाट मुकेश कुमार सदा, बिनोद कुमार सदा, अमरकान्त चौधरी, नवीन श्रेष्ठ र बिनोद कुमार सदा, सप्तकोशी नगरपालिकाबाट देबानन्द चौधरी, बोदे बर्साइन नगरपालिकाबाट देबकुमार यादव, शिबकुमार यादव र सचित कुमार यादव र बन्दे यादव बेपत्ता भएका छन् ।

सामाजिक सद्भाव कायम गरी चाडपर्व मनाउन आग्रह



दैनिक समाचारदाता
राजविराज, २१ कात्तिक ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले मर्यादित र सामाजिक सद्भाव कायम गरी चाडपर्व मनाउन आग्रह गरेको छ ।

प्रशासनले सार्वजनिक सूचना जारी गर्दै जिल्लामा शान्ति सुरक्षा कायम राख्ने उद्देश्यले देउसीभैलो, नाचगानलगायत सांस्कृतिक कार्यक्रम राति १० बजेसम्म मात्र सञ्चालन गर्न अनुरोध गरेको हो ।

जारी सूचनामा कानुन विपरीत जुवातास, लङ्गुरबुर्जा खेल्ने तथा खेलाउने, भुइँचम्पा, पटका र आतिसबाजी जस्ता विस्फोटक पदार्थको आयात, ओसारपसार, बिक्री वितरण तथा प्रयोग नगर्न भनिएको छ ।

त्यसैगरी अखाद्य रङ मिसाइएका तथा गुणस्तरहीन मिठाइलगायत वस्तुको बिक्रीवितरण र उपभोग नगर्न पनि आग्रह गरिएको छ ।

प्रशासनले म्याद गुज्रेका भाइ

बाँकी अन्तिम पृष्ठमा

सरकार र डा केसीबीच छ बुँदे सहमति, तोडियो अनशन

काठमाडौँ, २१ कात्तिक (रासस) ।

विभिन्न माग राखेर अनशनरत प्रा डा गोविन्द केसीसँग सरकारले छ बुँदे सहमति गरेको छ । गएराति भएको सहमतिसँगै डा केसीले अनशन अन्त्य गर्नुभएको हो ।

सहमतिअनुसार चिकित्सा शिक्षा आयोगको गत असोज ३० गतेको निर्णयबमोजिम सहिद दशरथ चन्द स्वास्थ्य विज्ञान विश्वविद्यालयलाई एमबीबीएसलगायत शैक्षिक कार्यक्रमको अनुमति प्रदान तथा सिट सङ्ख्या निर्धारण गरिनेछ ।

साथै आर्मी मेडिकल कलेज (नेपाली सेना स्वास्थ्य विज्ञान प्रतिष्ठान)लाई एमबीबीएसमा सिट सङ्ख्या थप गरिएको निर्णय मापदण्डबमोजिम भए/नभएको निर्क्यौल गर्न प्रा डा रमेशप्रसाद आचार्यको संयोजकत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गर्ने सहमति भएको छ ।

उक्त समितिले सरकारलाई प्रतिवेदन पेस गर्नेछ । सरकारले उक्त प्रतिवेदनको सिफारिस लागू गरेपछि चिकित्सा शिक्षा साझा प्रवेश परीक्षाबाट उत्तीर्ण विद्यार्थीहरूको म्याचिङ गर्नेछ ।

साथै कार्यक्रमको अनुमति दिँदा वा सिट थप गर्दा मापदण्डबमोजिम नभएको वा स्वार्थको द्वन्द्व भएको पाइएमा त्यसमा संलग्न आयोग, विश्वविद्यालय तथा मेडिकल कलेजका पदाधिकारीलगायत व्यक्तिलाई कारबाहीको दायरामा ल्याउने पनि सहमति भएको शिक्षा तथा खेलकुद मन्त्रालयले जनाएको छ ।

सहमतिमापत्रमा दशरथचन्द स्वास्थ्य विज्ञान विश्वविद्यालय ऐन, २०८२ मा विश्वविद्यालयका पदाधिकारीको योग्यता तथा नियुक्तिलगायत विषयमा आवश्यक संशोधन गरी दुई साताभित्र मन्त्रिपरिषद्को बैठकबाट अध्यादेश जारी गर्ने गरी अगाडि बढाउने उल्खेख छ । अध्यादेश जारीपश्चात् नयाँ पदाधिकारी नियुक्ति प्रक्रिया तत्काल अगाडि बढाउने र उक्त विषयमा डा केसीले दिनुभएका सुझावबमोजिम हुने गरी अगाडि बढाइनेछ ।

साथै डा केसीको २४औँ सत्याग्रहको क्रममा गत साउन ११ गते भएको सहमतिमा कार्यान्वयन हुन बाँकी बुँदाहरूको अक्षरश: पालना गर्ने पनि उल्लेख छ । सहमति कार्यान्वयनको अनुगमन गर्न नेपाल सरकारका तर्फबाट शिक्षा तथा खेलकुद मन्त्रालयका प्रमुख सल्लाहकार शैलेन्द्र झा,

बाँकी अन्तिम पृष्ठमा

दीपावली मनाउँदा ध्यान दिऔं

- दियो, मैनबत्ती बाल्दा आगोले टिप्ने सामान नजिक नराखौं,
- मैनबत्ती, दियो बालिसके पछि ननिभेसम्म निगरानी गरौं,
- यस्तो समयमा विद्युत सट भई आगो लाग्ने सम्भावना भएकोले सचेत बनौं,
- विद्युतीय प्लगको क्षमता अनुसार मात्र बत्तीको प्रयोग गरौं,
- पटाका तथा अन्य प्रज्वलनशील वस्तुको प्रयोग नगरौं ।



आगजनीबाट बचौं र बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

आज घरघरमा दीप प्रज्वलन

आज लक्ष्मी पूजा यस पर्वमा घरघरमा दीप प्रज्वलन गरिन्छ, मिठाई बाँडिन्छ र परिवार तथा आफन्तबीच आत्मीयता बढाइन्छ । तर चाडपर्व मनाउने नाममा पटाका पड्काउने, जुवातास खेल्ने, अनावश्यक खर्च गर्ने तथा वातावरण प्रदूषण बढाउने गतिविधिबाट टाढा रहनुपर्छ । विशेषगरी आगलागी, दुर्घटना र ध्वनि प्रदूषण निम्त्याउने गतिविधि नियन्त्रण गर्नु आवश्यक छ . लक्ष्मी पूजालाई धन प्राप्ति र आर्थिक समृद्धिको पर्वका रूपमा मात्र सीमित राख्नु उचित हुँदैन । वास्तविक लक्ष्मी भनेको मेहनत, इमानदारी, सदाचार, आपसी विश्वास र सन्तुष्टि पनि हो ।

अनैतिक कार्य, भ्रष्टाचार, ठगी र अरूको अधिकार हनन गरेर आर्जन गरिएको धनले स्थायी सुख र शान्ति दिन सक्दैन । त्यसैले लक्ष्मी पूजाले परिश्रमबाट कमाउने, इमानदारीपूर्वक जीवन बिताउने र कमाएको धनको सदुपयोग गर्ने सन्देश दिन्छ . लक्ष्मी पूजाको अवसरमा आर्थिक रूपमा कमजोर, असहाय र विपन्न परिवारलाई सहयोग गर्ने भावना पनि विकास गर्नुपर्छ। अरूको घरमा पनि खुसीको दीप बाल्न सक्नु नै पर्वको वास्तविक सार्थकता हो .

तसर्थ लक्ष्मी पूजाले सबैको जीवनमा सुख, शान्ति, समृद्धि र सद्भाव ल्याओस् । समाजमा इमानदारी, सहकार्य र मानवताको भावना बलियो बनोस् । यही नै लक्ष्मी पूजाको वास्तविक सन्देश र हाम्रो साझा कामना हो ।

सप्तरीका रमणीय ठाउहरुबारे तपाईंलाई थाहा छ ?

सप्तरी जिल्ला पर्यटकीय गन्तव्यका लागि आकर्षक छ । तर, यसबारे धेरैलाई जानकारी छैन् । धार्मिक पर्यटकदेखि रमणीयस्थलहरु छन् ।

धार्मिक पर्यटनमा मुलुककै प्रसिद्ध एवं चर्चित छिन्नमस्ता मन्दिर यहीं जिल्लामा छन् । छिन्नमस्ता गाउँपालिकामा अविस्थत यो मन्दिरमा पूजापाठ गर्न टाढा टाढाबाट व्यक्तिहरु आउने गर्छन् । मन्दिर अगाडि रहेको पोखरी, पिकनिक स्पोर्ट, धर्मशाला समेत यहाँ रहेको छ ।

कंकालिनी मन्दिर : हनुमाननगर कंकालिनी नगरपालिका वडा नम्बर १ भारदहस्थित यो मन्दिर पनि मुलुककै चर्चित देवी मन्दिर हो ।

शम्भुनाथ मन्दिर : यो शम्भुनाथ नगरपालिकाभित्र छ । मन्दिरकै नामबाट पालिकाको नामांकरण समेत गरिएको छ । यहाँ बिक्रम सम्वत्को नयाँ साल अर्थात् बैशाख १ गतेदेखि एक महिनासम्म ठूलो मेला लाग्ने गर्दछ । साउन महिनामा श्रद्धालुको ठूलो घुइँचो यहाँ लाग्ने गर्दछ ।

हनुमान मन्दिर : हनुमानगर कंकालिनी नगरपालिकाको हनुमाननगर बजारमा पुरानो हनुमान मन्दिर छ । कालो हनुमान मन्दिर पुग्दा जोकोहि पनि मोहित हुन्छन् । जिल्लामा अन्य धेरै देवी देवताका मन्दिरहरु छन् ।

कोशी टप्पु : कोशी टप्पु वन्यजन्तु आरक्ष पनि यहीं जिल्लामा छन् । कंचनरुप नगरपालिकास्थित आरक्षमा गैंडासहित बिभिन्न वन्यजन्तुहरुको अवलोकन गर्न सकिन्छ ।

धारापानी क्षेत्र : चुरको कोखमा रहेको यो धारापानी क्षेत्र कंचनरुप नगरपालिकामा रहेको छ । यो ठाउँ पिकनिक मनाउनका लागि राम्रो स्थल मानिन्छ ।

लोहजारा दह : तिरहुत गाउँपालिकामा रहेको छ यो दह । यो ठाउँ पिर्कनिक मनाउनका लागि प्रसिद्ध मानिएको छ यो ठाउँ । यी ठाउँहरुको अवलोकन गरौं र मनलाई प्रसन्न बनाऔं ।

जनहीतका लागि : राजविराज दैनिक

जलवायु न्याय हाम्रो अधिकार हो, यही आवाजका साथ कोप-३१ मा सहभागी हुँदैछौं : मन्त्री चौधरी

काठमाडौँ, २१ कात्तिक (रासस) ।

कृषि, वन तथा पर्यावरणमन्त्री गिता चौधरी उत्पीडित समुदायबाट प्रतिनिधित्व गर्ने अग्रणी, महिला राजनीतिज्ञ र समावेशी तथा दिगो विकासका प्रबल पक्षधर हुनुहुन्छ ।

सीमान्तकृत समुदायको अधिकार, लैङ्गिक समानता, भू-अधिकार र वातावरण संरक्षणको क्षेत्रमा वर्षौं लामो सामाजिक-राजनीतिक अनुभव सँगाल्नुभएकी उहाँले नेपालको दिगो कृषि विकास, सामुदायिक वन व्यवस्थापन र जलवायु न्यायका पक्षमा महत्त्वपूर्ण योगदान पुऱ्याउनुभएको छ ।

स्थानीयस्तरमा जल, जमिन र जङ्गलमाथि भूमिहीन तथा साना किसानको पहुँच स्थापित गराउने अभियानबाट राजनीतिक यात्रा सुरु गर्नुभएकी मन्त्री चौधरी नीति निर्माण र कार्यान्वयनमा व्यावहारिक तथा जनमुखी पहुँचका लागि परिचित हुनुहुन्छ । वर्तमान सरकारमा कृषि, वन तथा पर्यावरण मन्त्रालयको नेतृत्व सम्हालेपछि उहाँले जलवायुजन्य जोखिम न्यूनीकरण, हरित अर्थतन्त्रको प्रवर्द्धन, कार्बन व्यापारबाट स्थानीय समुदायलाई वित्तीय लाभ हस्तान्तरण र अन्तरराष्ट्रिय मञ्चमा हिमाली मुद्दालाई बुलन्द रूपमा उठाउन पहल गर्दै आउनुभएको छ ।

यसै सन्दर्भमा यही कात्तिक २३ गतेदेखि टर्किएको अन्ताल्या सहरमा सुरु हुन लागेको कोप-३१ मा नेपालको सहभागिता, प्राथमिकता, जलवायु वित्त, हिमाली मुद्दा, कार्यान्वयन योजनालगायत विषयमा राससका समाचारदाता भीष्मराज ओझाले मन्त्री चौधरीसँग गर्नुभएको अन्तर्वार्ता:

यही कात्तिक २३ गतेदेखि कोप-३१ सम्मेलन सुरु हुँदैछ । सम्मेलनका लागि नेपालको तयारी, उपस्थिति र सहभागिताका बारेमा केही बताइदिनुहुन्छ कि ?

कोप-३१ सम्मेलनमा नेपालको सहभागितालाई विगतभन्दा थप सशक्त, सङ्गठित र नतिजामुखी बनाउन मन्त्रालयले प्रभावकारी रूपमा तयारी गरेको छ । सम्मेलनमा परराष्ट्रमन्त्री शिशिर खनालको नेतृत्वमा मसहित सांसदहरू, सरकारी उच्चअधिकारी, विषयविज्ञ, नागरिक समाजसहितको प्रतिनिधित्व हुने गरी सहभागिता जनाउँदैछौं । सरोकार भएका सबै निकायसँग छलफल गरी नेपालको एकीकृत 'स्थितिपत्र' तयार गरेका छौं । यसपटक राष्ट्रिय जलवायु शिखर सम्मेलन आयोजना गरी नेपालको पर्वतीय रणनीति 'लिभिङ सगरमाथा' सार्वजनिक गर्दै सम्मेलनमा जाँदैछौं । सरोकार भएका सबैको समावेशी सहभागितासहित बहुपक्षीय वार्तामा नेपालको तर्फबाट एउटै र स्पष्ट आवाज लैजाने हाम्रो रणनीति छ ।

यस सम्मेलनमा नेपालको मुख्य प्राथमिकता के हो ? नेपालले यस सम्मेलनबाट के ठोस उपलब्धि हासिल गर्ने अपेक्षा गरेको छ ?

हाम्रो मुख्य प्राथमिकता भनेको नेपालजस्ता अतिकम विकसित र हिमाली राष्ट्रहरूले भोग्नुपरेको जलवायु सङ्कटलाई अन्तरराष्ट्रिय मञ्चमा दृढताका साथ स्थापित गर्नु हो । कोप-३१ मा नेपालका तर्फबाट तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभित्र सीमित राख्ने लक्ष्यमा वकालत गर्ने, तापक्रमको अधिक वृद्धिको परिमाण र अवधि न्यूनीकरण गर्ने, अनुकूलन तथा उत्थानशीलता सुदृढ गर्ने, जलवायुजन्य क्षति तथा नोक्सानी सम्बोधन गर्ने, पूर्वानुमानयोग्य र सहज पहुँचयोग्य जलवायु वित्त सुनिश्चित गर्नेलगायत विषय केन्द्रित हुनेछन् ।

साथै हामीले अनुकूलन तथा उत्थानशीलता, न्यूनीकरणको महत्वाकाङ्क्षा र कार्यान्वयन, जलवायु वित्त, जलवायु न्याय, लैङ्गिक समानता र मानवता, जलवायु विज्ञान, प्रविधि तथा नवप्रवर्तन द्विपक्षीय सम्बन्ध तथा जलवायु कूटनीति विषयलाई प्राथमिकताका साथ उठाउने तयारी गरेका छौं । जलवायु वित्तलाई ऋणका रूपमा नभई प्रत्यक्ष अनुदानका रूपमा पाउनुपर्ने सुनिश्चितता; 'हानि तथा नोक्सानी कोष'को द्रुत र झन्झटमुक्त पहुँच र जलवायु वार्ताको केन्द्रमा हिमाली पारिस्थितिकीय प्रणालीलाई समावेश गराउनु हाम्रो प्राथमिकता हो । यसका साथै हामी अन्तरराष्ट्रिय समुदायलाई सम्झाउन चाहन्छौं कि नेपालको संरक्षण प्रयासले विश्वकै पर्यावरण सन्तुलनमा योगदान पुऱ्याएको छ ।

भोटेकोशी विनाशकारी बाढीपछि नेपालले जलवायु न्याय र हानि तथा नोक्सानीको क्षतिपूर्तिका लागि अन्तरराष्ट्रिय मञ्चमा कसरी वकालत गर्दैछ ?

गत भदौ १० गते भोटेकोशी क्षेत्रमा गएको बाढीपछिको विपद्का कारण ठूलो जनधनको क्षति भएको थियो । उक्त विपद्को तत्कालै हामीले हानि तथा नोक्सानीसम्बन्धी कोषलाई सहयोगका लागि पत्राचार गरेका थियौं । उक्त कोषको असाधारण बैठकले नेपाललाई अनुदानको रूपमा दुई करोड १६ लाख अमेरिकी डलर अनुदान सहयोग गर्ने निर्णय गरेको छ ।

भोटेकोशी विपद्बाट भएको क्षतिको पुनःस्थापना र पुनर्निर्माणका लागि उक्त रकम ज्यादै न्यून भए पनि सकारात्मक सुरुआत भएको छ । हामी थप पहलका लागि अन्य विभिन्न जलवायु वित्तमा पनि प्रयत्न गर्नेछौं । केही प्रक्रियामा पनि अघि बढेका छन् । भोटेकोशीको विनासकारी बाढी तथा हिमाली भेगमा हुने बेमौसमी अतिवृष्टि र हिमपहिरो नेपालको आन्तरिक कारणले भएका होइनन् । शून्यप्रायः कार्बन उत्सर्जन गर्ने नेपालले अरूको हरितगृह ग्यास उत्सर्जनको मूल्य चुकाउनुपरेको छ ।

कोप-३१ मा हामीले भोटेकोशीलगायत जलवायुजन्य विपद्लाई ठोस प्रमाणका रूपमा प्रस्तुत गर्नेछौं । हानि तथा नोक्सानी कोषमा स्रोत जुटाउने र त्यसलाई प्रभावित समुदायसम्म क्षतिपूर्तिका रूपमा सिधै पुऱ्याउने प्रणाली निर्माणका लागि दबाब दिनेछौं । हाम्रा लागि जलवायु न्याय कुनै सहायता वा दया होइन, यो हाम्रो निसर्त अधिकार र विश्वव्यापी दायित्व हो । यो आवाजलाई अन्तरराष्ट्रिय मञ्चमा बुलन्द गर्नेछौं ।

जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालले हिमाली मुद्दालाई अन्तरराष्ट्रिय जलवायु वार्ताको केन्द्रमा ल्याउन र नेतृत्वका लागि के पहल भइरहेको छ ?

हिमालहरू विश्वका प्राकृतिक 'वाटर टावर' हुन् र हिमाली क्षेत्रको तापक्रम वृद्धिदर विश्वव्यापी औसतभन्दा बढी छ । नेपालले पर्वतीय राष्ट्रहरूको गठबन्धनलाई नेतृत्व प्रदान गर्दै 'लिभिङ सगरमाथा' पहल अघि बढाएको छ । यसपटक कोप-३१ मा हिमाली मुद्दालाई छुट्टै प्राथमिकताका साथ प्रस्तुत गर्न हामीले समकक्षी देशहरूसँग संवाद थालेका छौं । विश्वव्यापी जलवायु वार्तामा सागर जस्तै हिमालको पृथक र संवेदनशील अस्तित्वलाई कानुनी र वित्तीय मान्यता दिलाउनु नेपालको नेतृत्वदायी पहल हुनेछ ।

हिमालय क्षेत्र माथिल्लो क्षेत्रका साथै तल्लो तटीय क्षेत्रका करिब दुई अर्ब मानिसको खानेपानीको स्रोत हो । हिमाल हाम्रो मात्र सम्पत्ति होइन, यो विश्वको सम्पत्ति हो । विश्वव्यापी तापक्रम वृद्धिले हिमाल पग्लिएर जलवायु सङ्कट भइरहेको छ भन्ने विषय सम्मेलनमा हाम्रो प्राथमिकताको विषय हो ।

साथै नेपालले पर्वतीय सवालमा अन्तरराष्ट्रिय सहकार्य विस्तार गर्न नोभेम्बर १२ (कात्तिक २६ गते) ताजिकिस्तान, किर्गिस्तान, भुटान र पाकिस्तानसँगको सहकार्यमा 'एड्भान्सिङ द माउन्टेन एजेन्डाः ग्लेसियर्स, क्रायोस्फियर एण्ड रेजिलियन्स अन्डर ओभरसुट, सेयर्ड रेस्पोन्सिबिलिटी एन्ड सस्टेनेबल फाइनान्सिङ' शीर्षकमा उच्चस्तरीय कार्यक्रम आयोजना गर्ने भएको छ ।

त्यसैगरी नेपाल, भुटान, किर्गिस्तान र इसिमोडको सहकार्यमा 'स्ट्रेन्थेनिङ माउन्टेन रेजिलियन्स थ्रु एडप्टेसन फाइनान्स' विषयमा साइड इभेन्ट आयोजना गरिनेछ । यी कार्यक्रममार्फत हिमनदी, क्रायोस्फियर, पर्वतीय उत्थानशीलता र अनुकूलन वित्तका विषयमा अन्तरराष्ट्रिय बहसलाई थप प्रभावकारी बनाउने अपेक्षा गरेका छौं ।

नेपालले अपेक्षा गरेको जलवायु वित्त अनुदानका रूपमा प्राप्त गर्न सरकारले के कसरी कूटनीतिक पहल गरिरहेको छ ?

नेपालजस्तो कमजोर अर्थतन्त्र भएको देशले जलवायु अनुकूलनका लागि ऋण लिनु न्यायसङ्गत हुँदैन । त्यसैले सरकारले बहुपक्षीय र द्विपक्षीय जलवायु वार्ताहरूमा 'ऋण होइन, अनुदान', को नीति स्पष्ट रूपमा राखेको छ । हामी हरित जलवायु कोष, अनुकूलन कोषलगायत अन्य वैदेशिक साझेदारहरूसँग जलवायु वित्तमा सोझै पहुँच स्थापना गर्न कूटनीतिक पहल गरिरहेका छौं । साथै, जलवायु वित्त प्राप्त गर्दा लाग्ने झन्झटिला प्रक्रिया र प्रशासनिक खर्च घटाएर कम्तीमा ८० प्रतिशत रकम स्थानीय स्तरका प्रभावित समुदाय, महिला, दलित र आदिवासी जनजातिसम्म पुग्ने संरचना निर्माण गर्दैछौं ।

नेपालले प्रस्तुत गरेको एनडीसी ३.० र राष्ट्रिय अनुकूलन योजना कार्यान्वयन गर्न आवश्यक स्रोत र बजेट सुनिश्चित गर्ने आधार के हो ?

नेपालको तेस्रो राष्ट्रिय निर्धारित योगदान (एनडिसी ३.०) र राष्ट्रिय अनुकूलन योजना (एनएपी) कार्यान्वयनका लागि ठूलो वित्तीय स्रोत आवश्यक छ । यसका लागि हाम्रो आधार भनेको आन्तरिक स्रोतको अधिकतम् उपयोग र वैदेशिक जलवायु वित्तहरूको प्राप्ति र सरकारले आफ्नो वार्षिक बजेटमा जलवायु-संवेदनशील बजेट लागू गरी आन्तरिक स्रोत व्यवस्थापन गरिरहेको छ । अर्कोतर्फ, एनडीसी ३.० अन्तर्गतका सशर्त लक्ष्य पूरा गर्न अन्तरराष्ट्रिय हरित प्रविधि हस्तान्तरण, पेरिस सम्झौताको धारा ६ अनुसारको कार्बन व्यापार र बहुपक्षीय अनुदान कोषहरूलाई नै मुख्य आधार बनाएका छौं ।

कोप-३१ सम्मेलन स्थलमा नेपालले यसपाली आफ्नो छुट्टै पेभिलियन राखेको छ, त्यसबाट मुलुकलाई के कसरी लाभ हुन्छ ?

नेपालले कोप-३१ मा छुट्टै पेभिलियन सञ्चालन गर्नु कूटनीतिक र प्राविधिक दुवै दृष्टिकोणले ऐतिहासिक कदम हो । त्यसबाट ४० भन्दा बढी साइड इभेन्ट आयोजना गर्ने तयारी छ । पेभिलियन नेपालको प्रत्यक्ष संवाद मञ्च बन्नेछ, जहाँ हामीले हाम्रा सफलताका कथाहरू-जस्तै सामुदायिक वन, जलवायु स्मार्ट कृषि, र स्वच्छ ऊर्जा रूपान्तरण प्रस्तुत गर्नेछौं । त्यहाँ अन्तरराष्ट्रिय साझेदारहरूसँग साइड-इभेन्टहरू, द्विपक्षीय वार्ता र उच्चस्तरीय छलफलहरू आयोजना हुनेछन् ।

यसले विश्वभरका लगानीकर्ता, अनुसन्धानकर्ता र वातावरणविद्हरूलाई आकर्षित गरी नेपालमा जलवायु वित्त र प्रविधि भित्र्याउन प्रत्यक्ष मद्दत गर्नेछ । प्याभिलियनलाई नेपालको जलवायु वास्तविकता, स्थानीय समुदायका अनुभव, युवा, महिला, नागरिक समाज, निजी क्षेत्र तथा अन्य सरोकारवालाका आवाज अन्तरराष्ट्रिय समुदायसमक्ष पुऱ्याउने साझा मञ्चका रूपमा विकास गरिने छ ।

कोप-३१ पछि जलवायु परिवर्तनका क्षेत्रका उपलब्धि र छलफलका विषय कार्यान्वयनका लागि के कस्ता योजना छन् ?

जलवायु नीतिहरू कागजमा मात्र सीमित नहोऊन् भनेर हामीले स्पष्ट कार्यान्वयन ढाँचा तयार पारेका छौं । कोप-३१ पछि सरकारले प्रत्येक नीति र वित्तीय सम्झौतालाई 'समयसीमासहितको कार्ययोजना'मा रूपान्तरण गर्नेछ । सङ्घ, प्रदेश र स्थानीय तहबीच जलवायु बजेट र योजनाको समन्वय गर्न एक एकीकृत संयन्त्र बनाइनेछ । अन्तरराष्ट्रिय मञ्चमा गरिएका प्रतिबद्धता र प्राप्त रकमको पारदर्शिता, अनुगमन र स्थानीय स्तरमा नतिजामुखी कार्यान्वयन सुनिश्चित गर्न सरकार प्रतिबद्ध छ ।

जलवायु परिवर्तनबाट प्रभावित कृषि क्षेत्र र किसानको हितका लागि सरकारले के ठोस कार्यक्रम अघि सारेको छ ?

कृषि क्षेत्र जलवायु परिवर्तनको प्रत्यक्ष मारमा परेको छ । सरकारले साना र जोखिममा रहेका किसानलाई केन्द्रमा राखेर कार्य गरिरहेको छ । हामीले जलवायु स्मार्ट कृषि प्रविधिलाई देशव्यापी विस्तार गर्दैछौं । प्राकृतिक विपद् वा बेमौसमी वर्षाका कारण बालीनालीमा क्षति पुग्दा किसानलाई राहत दिन कृषि बीमामा ८० प्रतिशतसम्म अनुदान उपलब्ध गराउने व्यवस्था गरेका छौं । साथै, राहत तथा क्षतिपूर्तिको रकम सोझै वास्तविक किसानको खातामा पुग्ने गरी कोषहरूलाई एकीकृत र सहज बनाउने नीति

बाँकी तीन पृष्ठमा

हात्तीदह सिमसार: पर्यापर्यटनको विकासले उकासिँदै ग्रामीण अर्थतन्त्र

सुदिप राउत
सिरहा, २१ कात्तिक (रासस)।

कुनै समय स्थानीयको वनभोज र घुमफिरमा सीमित लहान नगरपालिका-१५स्थित हात्तीदह सिमसार क्षेत्र पछिल्लो समय पर्यापर्यटनको आकर्षक गन्तव्यका रूपमा विकसित हुँदै गएको छ। सङ्घ, प्रदेश, स्थानीय तह र विभिन्न विकास साझेदारको लगानीमा सिमसार संरक्षण तथा पर्यटकीय पूर्वाधार निर्माणका काम अघि बढेपछि यहाँ पर्यटकको आगमन र आर्थिक गतिविधि बढेको हो।

सार्वजनिक बजेट र विकास साझेदारको सहयोगलाई सामुदायिक वन संरक्षण तथा पर्यापर्यटनसँग जोड्दा स्थानीय अर्थतन्त्रमा कस्तो परिवर्तन आउन सक्छ भन्ने उदाहरण हात्तीदह बनेको छ। पर्यटकको बढ्दो आगमनसँगै सामुदायिक वनको आम्दानी विस्तार भएको छ। स्थानीयले ई-रिक्सा सञ्चालन, साना व्यवसाय, वनस्टे र महिला उद्यमशीलतामार्फत आयआर्जनका अवसर पाएका छन्।

हात्तीदह सिमसार कोइरालो खोला नमुना सामुदायिक वनभित्र चुरेको फेदीमा अवस्थित छ। विसं २०५७ मा हस्तान्तरण भएको यस सामुदायिक वनका ११९ घरधुरी उपभोक्ता आबद्ध छन्। सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष रुद्रनारायण चौधरीका अनुसार वन हस्तान्तरण भएपछि उपभोक्ताले वन तथा सिमसार संरक्षणसँगै पर्यटकीय पूर्वाधार विकासलाई पनि प्राथमिकता दिएका हुन्।

उहाँले भन्नुभयो, "वन हस्तान्तरण भएपछि हामीले संरक्षणसँगै पर्यटन विकासलाई पनि प्राथमिकता दियौं। वन तथा सिमसार संरक्षण, जलाशय व्यवस्थापन, बोटिङ, प्राणी उद्धार केन्द्र सञ्चालन र अन्य पर्यटकीय पूर्वाधार थपिँदै जाँदा आन्तरिक पर्यटकसँगै सीमावर्ती भारतीय पर्यटकको आगमन बढ्दै गएको छ।"

वन समितिको विवरणअनुसार आव २०८१/८२ मा एक लाख २० हजार पर्यटक हात्तीदह पुगेका थिए। आव २०८२/८३ मा यो सङ्ख्या बढेर एक लाख ३५ हजार पुगेको छ। पर्यटकको आगमनसँगै वन समूहको आम्दानी पनि बढेको छ।

आव २०८१/८२ मा कुल रु ६८ लाख २४ हजार ५८३ आम्दानी भएको थियो। आव २०८२/८३ मा यस्तो आम्दानी बढेर रु एक करोड २९ लाख ६४ हजार ३५० पुगेको छ। अघिल्लो वर्षको तुलनामा आम्दानी करिब ९० प्रतिशतले वृद्धि भएको हो। वन समितिका अध्यक्ष चौधरीका अनुसार वनस्टे र पार्किङ शुल्कजस्ता नयाँ आम्दानीका स्रोत थपिनु तथा पर्यटकीय गतिविधि विस्तार हुनु आम्दानी बढ्नुका प्रमुख कारण हुन्।

अध्यक्ष चौधरीले वन समूहको आम्दानी र खर्च पारदर्शिताको लागि वार्षिक साधारणसभामार्फत उपभोक्तासमक्ष सार्वजनिक गर्ने गरिएको बताउनुभयो। आवश्यक खर्च कटाएर बाँकी रकम पर्यटन पूर्वाधार निर्माण तथा विकासका काममा लगानी गर्ने गरिएको उहाँको भनाइ छ। आव २०८२/८३ मा समूहले आफ्नै आम्दानीबाट करिब ३० लाख पर्यटकीय पूर्वाधार निर्माणमा खर्च गरेको जनाएको छ।

बहुपक्षीय लगानीमा पूर्वाधार विकास

हात्तीदहको विकासमा सामुदायिक वनको आफ्नै स्रोतसँगै सरकारी निकाय र विकास साझेदारको लगानी जोडिएको छ। लहान नगरपालिकाले सडक स्तरोन्नति, खानेपानी तथा अन्य पूर्वाधारमा सहयोग गरेको छ। नगरपालिकाले आव २०८२/८३ मा हात्तीदह वनस्टेका लागि थप दुईकोठे भवन निर्माण गर्न रु २० लाख र सेल्फी ब्रिज निर्माणका लागि रु १० लाख विनियोजन गरेको थियो। वडाबाट विद्युतीकरण, खानेपानीका धारा तथा कल जडानका काम भएका छन्।

तत्कालीन सांसद स्वर्गीय प्रदीप गिरीको संसदीय विकास कोषबाट विसं २०७९ मै खानेपानी ट्याङ्की निर्माणका लागि रु १० लाख सहयोग प्राप्त भएको थियो। बृहत् जलाधार व्यवस्थापन कार्यालय उदयपुर र राष्ट्रपति चुरे संरक्षण विकास कार्यालयले पनि वनभोजस्थल तथा जलाधार व्यवस्थापनका काममा सहयोग गरेका छन्।

आव २०८२/८३ मा हात्तीदहको पर्यटन पूर्वाधार तथा संरक्षणका लागि विभिन्न निकायबाट पाँचवटा कार्यक्रममार्फत कुल रु ५२ लाख ३५ हजार ४७६ बराबरको सहयोग प्राप्त भएको थियो। जसमध्ये चुरे उत्थानशील आयोजनाबाट तारबार तथा झाडी सफाइका लागि रु १८ लाख ३३ हजार १३२, लहान नगरपालिकाबाट सौन्दर्यीकरणका लागि रु १९ लाख तीन हजार, डिभिजन वन कार्यालय लहानबाट कार्यक्रम कार्यान्वयनका लागि रु चार लाख ८९ हजार १३१, संरक्षण परियोजनाबाट पाहुना घर निर्माणका लागि रु सात लाख ३९ हजार ४६३ र राष्ट्रिय कृषक समूह महासङ्घमार्फत कृषि वन तथा वृक्षरोपणका लागि रु दुई लाख ७० हजार ७५० सहयोग प्राप्त भएको हो। वन समूहका अनुसार यी कार्यक्रम सम्पन्न भइसकेका छन्।

नगर प्रमुख महेशप्रसाद चौधरीले आफू जिम्मेवारीमा आएदेखि नै हात्तीदहको विकासलाई प्राथमिकतामा राख्दै आएको बताउनुभयो। उहाँले भन्नुभयो, "हात्तीदहको विकासलाई पर्यटन प्रवर्द्धनमा मात्र सीमित नराखी स्थानीय रोजगारी, आयआर्जन र संस्कृति संरक्षणसँग पनि जोडेर अघि बढाएका छौं। पर्यटकीय पूर्वाधार विस्तारसँगै आसपासका समुदायको जीविकोपार्जनमा सुधार ल्याउने कार्यक्रम सञ्चालन गरिरहेका छौं। वन समूहसँग आबद्ध करिब ४०० किसानलाई लक्षित गरी कृषि तथा आयआर्जनका कार्यक्रम अघि बढाएका छौं भने महिला समूहलाई दुना-टपरी बनाउने मेसिन उपलब्ध गराएका छौं।"

लहान-१५का वडाध्यक्ष तेजनारायण चौधरीका अनुसार हात्तीदहको विकासमा वडा कार्यालयले पनि खानेपानी र विद्युत् सुविधालाई प्राथमिकता दिएको छ। सुरुमा सामान्य घुमफिर तथा वनभोजस्थलका रूपमा रहेको क्षेत्रलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न स्थानीय समुदाय, वन समूह र विभिन्न सरकारी निकायबीच सहकार्य हुँदै आएको उहाँले बताउनुभयो।

वनस्टे र स्थानीय व्यवसायबाट रोजगारी

हात्तीदहमा पर्यटकको आगमन बढेसँगै स्थानीयस्तरमा रोजगारी र व्यवसायका अवसर पनि विस्तार भएका छन्। वन समूहले सञ्चालन गरेको वनस्टे तथा क्यान्टिनमा १० जनाले काम पाएका छन्। तीमध्ये चार जना महिला छन्। वनस्टेमा स्थानीय परिकार, चिया-खाजा र खानाको सुविधा उपलब्ध छ।

वन समूहकी कोषाध्यक्ष गीताकुमारी चौधरीका अनुसार वनस्टेमा प्रतिव्यक्ति रु ८५० मा चिया, खाजा, स्थानीय खाना र एक रातको बसाइको सुविधा दिइन्छ। यसबाट पर्यटकले स्थानीय थारू परिकार र संस्कृतिको अनुभव गर्न सक्ने तथा वन समूहको आम्दानीमा सहयोग पुग्ने उहाँको भनाइ छ।

वनस्टे निर्माणको पहिलो चरणमा गत आर्थिक वर्षमा दुई कोठा र शौचालयसहितको भवन निर्माण गरिएको थियो। त्यसका लागि रु ११ लाख ७३ हजार ३८३ खर्च भएको थियो। यसमध्ये परियोजनाबाट रु आठ लाख छ हजार ८८ र वन समूहको रु तीन लाख ६७ हजार २९५ लागत सहभागिता रहेको वन समितिले जनाएको छ।

हात्तीदहमा पर्यटक ओसारपसार गर्ने ई-रिक्सा चालकदेखि आसपासका पसल, खाजाघर र कटेज सञ्चालकसम्मको व्यवसायमा पर्यटकको चहलपहलले प्रभाव पारेको छ। वन समूहका सचिव बद्री सदायका अनुसार लहान बजारदेखि हात्तीदहसम्म पर्यटक ओसार्न १०० भन्दाबढी स्थानीयले ई-रिक्सा सञ्चालन गर्दै आएका छन्।

लहान-१५ शोभापुरका रामनाथ महतोले दैनिक हात्तीदह र लहान बजारबीच छ पटकसम्म ओहोरदोहोर गर्दा रिक्साबाट रु एक हजार ५०० सम्म आम्दानी हुने बताउनुभयो। यही आम्दानीले चार जनाको परिवारको खर्च चलाउन सहयोग पुगेको उहाँको भनाइ छ।

वन समूहका व्यवस्थापक दुर्गानन्द चौधरीले हात्तीदहको पर्यटकीय गतिविधिले आसपासका बासिन्दाका लागि रोजगारी र आयआर्जनका अवसर सिर्जना गरेको बताउनुभयो। उहाँले भन्नुभयो, "हात्तीदहमा पर्यटकको चहलपहल बढेसँगै आसपासका कटेज, खाजाघर र किराना पसलको व्यवसाय पनि बढेको छ। यी व्यवसाय जोड्दा करिब १०० जनाले प्रत्यक्ष रूपमा रोजगारी तथा आयआर्जनको अवसर पाएका छन्। पर्यटकको आगमनले स्थानीय उत्पादन र सेवाको माग बढाएको छ।"

महिला उद्यमशीलता र थारू संस्कृतिको प्रवर्द्धन

हात्तीदहको पर्यापर्यटन विकासले स्थानीय महिलालाई साना उद्यममा जोड्ने अवसर सिर्जना गरेको छ। सिमसार क्षेत्रमा प्लास्टिक प्रयोग घटाउने तथा स्थानीय उत्पादनको प्रयोग बढाउने प्रयाससँगै महिला दुना-टपरी उत्पादनमा सक्रिय भएका छन्। सामुदायिक वनबाट प्राप्त साल तथा भोर्लाका पात प्रयोग गरी महिलाले घरमै दुना-टपरी उत्पादन गर्न थालेका हुन्।

महिला समूहलाई उपलब्ध गराइएको मेसिनले उत्पादन बढाउन र बजारमा बिक्री गर्न सहज भएको समूहका महिलाको भनाइ छ। यसले स्थानीय स्रोतको उपयोग गर्दै महिलाको आयआर्जनमा सहयोग पुऱ्याएको छ।

समूहकी एक सदस्य गीताकुमारी चौधरीले भन्नुभयो, "पहिले घरायसी काममा मात्रै सीमित थियौं। अहिले वनबाट पाइने साल र भोर्लाका पात प्रयोग गरेर दुना-टपरी बनाउने गरेका छौं। नगरपालिकाले मेसिन उपलब्ध गराएपछि उत्पादन गर्न सजिलो भएको छ। यसबाट आम्दानी हुनुका साथै घरखर्च र बालबालिकाको पढाइमा सहयोग पुगेको छ।"

लहानस्थित अर्थशास्त्रका प्राध्यापक धरणीधर कोइरालाका अनुसार छरिएका सार्वजनिक बजेटलाई स्थानीय समुदायको सहभागितामा एकीकृत रूपमा परिचालन गर्दा दीर्घकालीन उपयोग हुने पूर्वाधार तथा उत्पादनशील सम्पत्ति निर्माण गर्न सकिन्छ। उहाँले अगाडि भन्नुभयो, "यस्तो लगानीले वातावरणीय संरक्षणसँगै स्थानीयस्तरमा हरित रोजगारी र आयआर्जनका अवसर सिर्जना गरी समावेशी आर्थिक समृद्धिमा योगदान पुऱ्याउन सक्छ। हात्तीदहको विकासले सार्वजनिक लगानी, सामुदायिक सहभागिता र स्थानीय उद्यमलाई जोड्न सके ग्रामीण अर्थतन्त्रमा सकारात्मक परिवर्तन ल्याउन सकिने सम्भावना देखाएको छ।"

जलवायु न्याय ...

सरकारले लिएको छ।

नेपालको वन संरक्षण र कार्बन व्यापारबाट देश तथा स्थानीय समुदायले आर्थिक लाभ लिन के योजना बनाइएको छ ?

नेपालको ४५ प्रतिशतभन्दा बढी भूभाग वन क्षेत्रले ढाकेको छ, जुन हाम्रा लागि ठूलो सम्पत्ति हो। वन संरक्षणलाई अब केवल संरक्षणमा मात्र सीमित नराखी 'वनमा आधारित उद्यमशीलता' र कार्बन व्यापारसँग जोड्दैछौं। पेरिस सम्झौताको धारा ६ बमोजिम अन्तरराष्ट्रिय कार्बन बजारबाट लाभ लिन नेपालले आवश्यक कानुनी र नीतिगत संरचना तयार गरिसकेको छ।

कार्बन बिक्रीबाट प्राप्त हुने आर्थिक लाभको ठूलो हिस्सा वनको रक्षा गर्ने स्थानीय समुदाय, खास गरी सामुदायिक वन उपभोक्ता समूहहरूसम्म पुग्ने कानुनी रूपमा सुनिश्चित गरिनेछ। यसले स्थानीय अर्थतन्त्र सुदृढ हुनुका साथै दिगो वन व्यवस्थापनमा थप प्रोत्साहन मिल्नेछ।

अन्त्यमा...

विश्वव्यापी हरित ग्यास उत्सर्जनमा नेपालको योगदान न्यून रहे पनि जलवायु परिवर्तनका असरबाट अब ज्यादै प्रभावित छ। तसर्थ यसको क्षतिपूर्ति र त्यसको समाधानका लागि अब अन्तरराष्ट्रिय जगतलाई निरन्तर दबाब दिनुपर्ने छ। जलवायुजन्य विपद्को क्षतिपूर्तिका लागि सरकारमात्र नभई निजी क्षेत्र, विषय विज्ञ, नागरिक समाज, सञ्चारजगलगायत सबै सरोकार भएका निकायबीच हातेमालोको आवश्यकता छ।

विश्व समाचार

युद्ध सुरु हुँदाको भन्दा इरानी सेना 'अझ बलियो': सैन्य प्रवक्ता

तेहरान, २१ कात्तिक (रासस/एएफपी)।

इरानी सेनाले संयुक्त राज्य अमेरिका र इजरायलसँग युद्ध सुरु हुँदाको तुलनामा आफू अहिले अझ बलियो र बढी प्रेरित भएको जनाएको छ। इरानी सरकारी सञ्चारमाध्यमले शनिबार सैन्य प्रवक्तालाई उद्धृत गर्दै यस्तो जानकारी दिएका हुन्।

सरकारी समाचार संस्था इर्नाका अनुसार, सेनाका प्रवक्ता मोहम्मद अक्रामिनियाले प्रत्यक्ष सैन्य मुठभेडबाट अनुभव हासिल गरेपछि इरानी सशस्त्र बल अहिले पहिलेभन्दा बढी सतर्क र शक्तिशाली बनेको बताउनुभएको छ।

उहाँले भन्नुभयो, "इस्लामिक गणतन्त्रका सशस्त्र बल अहिले युद्ध सुरु हुँदाको अवस्थाभन्दा अझ बलिया भएका छन्। उनीहरूमा उच्च प्रेरणा, प्रतिबद्धता र आत्मविश्वास छ।"

फेब्रुअरीको अन्त्यतिर संयुक्त राज्य अमेरिका र इजरायलले इरानमाथि व्यापक आक्रमण सुरु गरेपछि भड्किएको युद्ध महिनौंदेखि गतिरोधको अवस्थामा छ।

तेहरानले विश्वको कुल तेल खपतको करिब पाँच भागको एक भाग ढुवानी हुने 'स्ट्रेट अफ होर्मुज'बाट हुने आवागमन सीमित पार्ने प्रयास गर्दै आएको छ।

अक्रामिनियाका अनुसार, उक्त रणनीतिक जलमार्गमा इरानी सशस्त्र बलको नियन्त्रण कायम छ। संयुक्त राज्य अमेरिकाले तेहरानका माग स्वीकार नगरेसम्म जलमार्ग बन्द रहने उहाँले बताउनुभयो।

उहाँले सर्वोच्च नेताको आदेशअनुसार इरानी सशस्त्र बलको जवाफ तत्काल र प्रभावकारी हुने तथा त्यसको कुनै भौगोलिक सीमा नहुने पनि बताउनुभयो।

यसै साता अमेरिकी सञ्चारमाध्यमहरूले होर्मुजमा अवस्थित इरानको केश्म टापुमा आक्रमण भएको खबर सार्वजनिक गरेका थिए। त्यसपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानमाथि नयाँ आक्रमण भएको पुष्टि गर्नुभएको थियो।

शनिबार स्थानीय समाचार संस्था तस्निमले केश्म टापुमा दुईवटा क्षेप्यास्त्र प्रहार भएको जनाएको छ। तर, त्यसबाट भएको क्षतिबारे आधिकारिक जानकारी सार्वजनिक भएको छैन। इरानी सरकारी टेलिभिजनले पनि उक्त टापुमा दुईवटा विस्फोट भएको जनाएको छ।

यसैबीच, इरानी सरकारी सञ्चारमाध्यमका अनुसार, इरानी सेनाले शनिबार बिहान आफ्नो हवाई प्रतिरक्षा प्रणालीले टापुमाथि उडिरहेको अमेरिकी ड्रोनलाई प्रहार गरी नष्ट गरेको जनाएको छ। यद्यपि, टापुमा भएको भनिएको आक्रमण र ड्रोन खसालिएको घटनाबीचको सम्बन्धबारे भने केही खुलाइएको छैन।

वायु प्रदूषण बढेपछि दिल्लीमा नियन्त्रणका कडा उपाय लागू

नयाँदिल्ली, २१ कात्तिक (रासस/सिन्ह्वा)।

भारतको राजधानी दिल्लीमा वायु प्रदूषण बढेपछि सङ्घीय सरकारले शुक्रबारदेखि दिल्ली र आसपासका जिल्लामा प्रदूषण नियन्त्रणका कडा उपाय लागू गरेको छ।

वायु प्रदूषणको स्तर निरन्तर बढ्दै गएपछि गरिएको समीक्षा बैठकले 'ग्रेडेड रेस्पोन्स एक्सन प्लान' (जीआरएपी) को तेस्रो चरणका उपाय कार्यान्वयन गर्ने निर्णय गरेको हो।

राजधानी र आसपासका क्षेत्रको वायु गुणस्तर व्यवस्थापनका लागि गठित आयोग (सीएक्यूएम) द्वारा जारी विज्ञप्तिअनुसार, प्रतिकूल मौसमी अवस्थाका कारण प्रदूषक तत्वहरू वायुमण्डलमा फैलिन नसक्दा नोभेम्बर ६ मा दिल्लीको वायु गुणस्तर सूचकाङ्क (एक्यूआई) ३८२ पुगेको थियो। यो स्तर अत्यन्त खराब श्रेणीमा पर्छ।

आयोगले सम्पूर्ण राष्ट्रिय राजधानी क्षेत्र (एनसीआर) मा तत्काल लागू हुने गरी जीआरएपीको तेस्रो चरण कार्यान्वयनमा ल्याएको जनाएको छ। साथै, सम्बन्धित क्षेत्रका प्रदूषण नियन्त्रण निकायलाई यी उपाय कडाइका साथ पालना गराउन निर्देशन दिएको छ।

तेस्रो चरणअन्तर्गत अत्यावश्यकबाहेकका सबै निर्माण तथा भत्काउने कार्यमा प्रतिबन्ध लगाइएको छ। यसमा उत्खनन्, माटो पुर्ने, बोरिङ, ड्रिलिङ, पाइलिङ, इँटा लगाउने, चिनाइ, सडक निर्माण तथा ठूला मर्मतसम्भारका काम समावेश छन्।

त्यसैगरी, दिल्ली र आसपासका राष्ट्रिय राजधानी क्षेत्रका जिल्लामा बीएस-३ मापदण्डका पेट्रोल तथा बीएस-४ मापदण्डका डिजेलबाट चल्ने चारपाङ्ग्रे सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ। बीएस अर्थात् भारत स्टेज सवारीसाधनबाट हुने प्रदूषण नियन्त्रणका लागि सरकारले निर्धारण गरेको उत्सर्जन मापदण्ड हो।

स्वास्थ्य विज्ञहरूले स्थानीय बासिन्दालाई बिहान सबैरै र सूर्यास्तपछि बाहिर निस्केर गरिने गतिविधि नगर्न तथा लामो समयसम्म वा बढी शारीरिक श्रम गर्नुपर्ने कामबाट जोगिन सुझाव दिएका छन्। श्वासप्रश्वाससम्बन्धी समस्या भएका व्यक्तिलाई घरबाहिरका सबै प्रकारका शारीरिक गतिविधिबाट टाढा रहन पनि आग्रह गरिएको छ।

दिल्ली विश्वकै सबैभन्दा बढी वायु प्रदूषण हुने सहरमध्ये एक हो। औद्योगिक गतिविधि, सवारीसाधनको चाप र व्यापक निर्माण कार्य यहाँको वायु प्रदूषणका प्रमुख कारण हुन्। विगतका वर्षहरूमा पनि जाडो मौसम सुरु हुनुअघि दिल्लीको वायु गुणस्तर अत्यन्त खराब अवस्थामा पुग्ने गरेको छ।

डिजिटल वित्तीय प्रणाली सुरक्षित गर्न एकीकृत साइबर स्क्याम प्रतिकार्य केन्द्र स्थापना

काठमाडौँ, २१ कात्तिक (रासस)।

साइबर 'स्क्याम' र ठगी शीघ्र नियन्त्रण गरी डिजिटल वित्तीय प्रणालीलाई सुरक्षित र विश्वसनीय बनाउने उद्देश्यका साथ सरकारले 'एकीकृत साइबर स्क्याम प्रतिकार्य केन्द्र' सञ्चालनमा ल्याएको छ।

नेपाल प्रहरीको साइबर ब्यूरोमा स्थापना गरिएको सो केन्द्रबाट नियामक निकाय, प्रहरी, बैङ्क, वालेट, दूरसञ्चार र इन्टरनेट सेवा प्रदायक संस्थाले एकीकृत रूपमा सेवा दिनेछन्।

प्रहरी महानिरीक्षक डा मनोजकुमार केसीको उपस्थितिमा शनिबार उक्त केन्द्रबाट सेवा शुभारम्भ गरिएको हो।

कार्यक्रममा प्रहरी महानिरीक्षक केसीले साइबर, अनलाइन ठगीजस्ता डिजिटल वित्तीय चुनौती सम्बोधन गर्न सम्बन्धित निकायको आपसी सहयोग, समन्वय र सहकार्य अत्यन्तै महत्वपूर्ण रहेको बताउनुभएको केन्द्रीय प्रहरी प्रवक्ता अविनारायण काफ्लेले जानकारी दिनुभयो।

नेपाल सरकारको गत असोज २३ गतेको निर्णयबाट स्वीकृत 'एकीकृत साइबर स्क्याम प्रतिकार्य केन्द्र स्थापना र कार्यसञ्चालनसम्बन्धी दिग्दर्शन, २०८३' बमोजिम केन्द्र स्थापना गरिएको हो।

साइबर ठगीसम्बन्धी उजुरी तथा सूचनालाई २४ सै घण्टा प्राप्त गर्नका लागि केन्द्रमा सम्पर्क अधिकृत तोकिएको छ। ठगीमा परेका व्यक्तिले १२४७ नम्बरमा टेलिफोन गरेर उजुरी गर्न सक्नेछन्।

तिहार र छठमा विद्युत् आपूर्ति प्रभावित हुन नदिन प्राधिकरणद्वारा तयारी

काठमाडौँ, २१ कात्तिक (रासस)।

नेपाल विद्युत् प्राधिकरणले यही वर्षको तिहारको लक्ष्मीपूजाका दिन साँझ विद्युत्को अधिकतम माग करिब एक हजार ७०० मेगावाट हुने अनुमान गरेको छ।

प्राधिकरणले तिहारको लक्ष्मीपूजाको दिन विद्युत्को पर्याप्त उपलब्ध गराउने जनाएको छ। प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठले तिहारको लक्ष्मीपूजाको दिन आवश्यक पर्ने विद्युत् आन्तरिक उत्पादनबाटै पर्याप्त हुने बताउनुभएको छ।

सो अवधिमा विद्युत् उत्पादन करिब दुई हजार ५०० मेगावाट हुने प्रक्षेपण गरिएको छ। उहाँले आन्तरिक मागभन्दा उत्पादन बढी हुने भएकाले विद्युत् आपूर्ति सहज बनाउन पर्याप्त विद्युत् उपलब्ध हुने दाबी गर्नुभयो।

प्राधिकरणले तिहार तथा छठ पर्वका अवसरमा उपभोक्तालाई भरपर्दो, नियमित र गुणस्तरीय विद्युत् आपूर्ति सुनिश्चित गर्न विशेष तयारीसमेत गरेको जनाएको छ।

कार्यकारी निर्देशक श्रेष्ठले पर्व अवधिभर विद्युत् आपूर्तिमा अवरोध हुन नदिन आवश्यक सम्पूर्ण तयारी गर्न सम्बन्धित कार्यालय प्रमुखहरूलाई निर्देशन दिनुभएको छ। विद्युत् आपूर्तिमा कुनै समस्या देखिएमा तत्काल मर्मतसम्भार गरी सेवा सञ्चालन गर्न प्राविधिक टोलीलाई तयारी अवस्थामा राख्न उहाँले निर्देशन दिनुभएको छ।

त्यसैगरी, प्रसारण लाइन तथा वितरण प्रणालीको निरीक्षण र मर्मतसम्भार गर्न बाँकी रहेका कार्य तत्काल सम्पन्न गरी विद्युत् आपूर्तिमा हुन सक्ने सम्भावित अवरोध न्यूनीकरण गर्न निर्देशन दिइएको छ। विद्युत् आपूर्तिसम्बन्धी गुनासो तत्काल सम्बोधन गर्न नो लाइट सेवामा प्राप्त हुने फोन नियमित रूपमा उठाउने र गुनासो व्यवस्थापनलाई प्रभावकारी बनाउनसमेत सम्बन्धित कार्यालय प्रमुखहरूलाई निर्देशन दिइएको छ।

सर्वोच्च अदालतका लागि सिफारिस चार न्यायाधीशको नाम सर्वसम्मत अनुमोदन

काठमाडौँ, २१ कात्तिक (रासस)।

सङ्घीय संसद्को संसदीय सुनुवाइ समितिले सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्तिका लागि सिफारिस भएका चार जनाको नाम सर्वसम्मतिले अनुमोदन गरेको छ।

समितिको शनिबार बसेको बैठकले उच्च अदालत पोखराका मुख्य न्यायाधीश डा रत्नबहादुर बागचन्द, उच्च अदालत पाटनका न्यायाधीश चन्द्रबहादुर सारु, उच्च अदालत पाटनको हेटौँडा इजलासका न्यायाधीश जनक पाण्डे र उच्च अदालत जनकपुरको वीरगन्ज इजलासका न्यायाधीश गोकर्ण डाँगीको नाम अनुमोदन गरेको हो।

न्याय परिषद्ले गत असोज २० गते सर्वोच्च अदालतको न्यायाधीश पदमा नियुक्तिका लागि उहाँहरूको नाम सिफारिस गरेको थियो।

समितिले प्रस्तावित चारै जना न्यायाधीशको संसदीय सुनुवाइ प्रक्रिया यही कात्तिक १९ गतेदेखि सुरु गरेको थियो।

समितिका सभापति बोधनारायण श्रेष्ठका अनुसार प्रस्तावित न्यायाधीशविरुद्ध १३ वटा उजुरी परेका थिए। न्याय परिषद्को सिफारिसमा संसदीय सुनुवाइ समितिबाट नाम अनुमोदन भएपछि राष्ट्रपतिले न्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था छ।

सरकार र डा...

मन्त्रालयका एक सहसचिव, तथा प्रा डा केसीको तर्फबाट विजयबाबु शिवाकोटी, डा अमृत जैसीलाई सहभागी गाई एक कार्यदल गठन गर्ने उल्लेख छ।

उक्त कार्यदलमा सांसद पुकार बम र नेपाल मेडिकल एसोसिएसनका अध्यक्ष डा बद्री रिजालसमेत रहनुहुने छ। कार्यदलले महिनामा कम्तीमा एक पटक बैठक गर्ने उल्लेख गरिएको छ।

त्यसैगरी डडेलधुरा, इलाम, उदयपुरमा सरकारी मेडिकल कलेज वा स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थापना गर्ने विषयमा सरकारले बजेट विनियोजनसहित पूर्वाधार विकासमा तदारुकताका साथ काम गर्ने सहमति भएको मन्त्रालयले जनाएको छ। बर्दिबासमा मेडिकल कलेज स्थापना तथा सञ्चालन कार्य तत्कालै अगाडि बढाउने पनि सहमतिमा उल्लेख छ।

सहमतिपत्रमा मन्त्री पोखरेल, डा केसी, प्रधानमन्त्रीका स्वास्थ्य सल्लाहकार प्रा डा जगदीश अग्रवाल, सांसद पुकार बम र नेपाल मेडिकल एसोसिएसनका अध्यक्ष डा बद्री रिजालले हस्ताक्षर गर्नुभएको छ।

सामाजिक सद्भाव ...

मसला, प्लास्टिकजन्य फूलगुच्छाको उत्पादन, आयात, बिक्रीवितरण तथा भण्डारण नगर्न र कानुनले आयात तथा प्रयोग गर्न निषेध गरेका वस्तुको बिक्री वितरण एवं प्रयोग नगर्न अनुरोध गरेको छ।

निर्देशन विपरीतका गतिविधि गरेको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने सूचनामा उल्लेख छ। प्रशासनले चाडपर्वलाई शान्तिपूर्ण, सुरक्षित र सभ्य रूपमा मनाउँदै सामाजिक सद्भाव कायम राख्न जिल्लावासीलाई आग्रह गरेको छ।

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली





सचिन्द्र दास

अध्यक्ष, तथा
जनमूखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज ४, सप्तरी, परिवार

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली





विश्वनाथ मण्डल

अध्यक्ष
तथा
जन ज्योति कृषि सहकारी संस्था लिमिटेड
संचालक समिति परिवार
राजविराज९, मलेठ, सप्तरी

मंगलमय शुभकामना

२०८३ सालको शुभ दिपावली
एवं छठ पर्वको पुनित अवसरमा
सुस्वास्थ्य, दिर्घायु,
शान्ति र
अमनचयनको
कामना गर्दै सम्पूर्ण
शेयर सदस्य,
कर्मचारी, नगरवासी,
जिल्लावासी एवं देशवासीमा
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

शुभ दीपावली





शत्रुघन प्रसाद गुप्ता

अध्यक्ष, तथा
नेपाल सहकारी संस्था लि.
राजविराज ३, सप्तरी, परिवार

प्रकाशक/सहसम्पादक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, ***वेवसाइट*** : *rajbirajdainik.com.np*